जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
एक कदम अगाडि
Jaleshwor Today National Daily

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

वर्ष १३ • अंक ३५७ • २०८३ असोज २९ गते विहिवार • 15 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## विपन्न र अपाङ्गता भएको व्यक्तीलाई आत्मनिर्भर बनाउन रतौली युवा क्लब द्वारा व्यवसायिक सामाग्री सहयोग



मो. इर्शाद
महोत्तरी, २८ असोज

महोत्तरीको बलवा नगरपालिका तथा महोत्तरी गाउँपालिकाका विपन्न परिवार तथा अपाङ्गता भएका व्यक्तिलाई आर्थिक रूपले आत्मनिर्भर बनाउदै सहज जीवनको सुनिश्चितता गर्ने उद्देश्यले रतौलीयुवा क्लब द्वारा साना व्यवसाय संचालनका लागि व्यवसायिक सामाग्री प्रदान गरिएको छ ।

सिबिएम ग्लोबलको आर्थिक तथा प्राविधिक सहयोगमा रतौली युवा क्लब द्वारा सो व्यवसायीक सामाग्री वितरण गरिएको छ । महोत्तरीको बलवा नगरपालिका तथा महोत्तरी गाउँपालिकामा संचालित समावेशी विकासका लागि सामुहिक प्रयास परियोजना अन्तर्गत साना व्यवसाय संचालनका लागि विपन्न परिवार तथा अपाङ्गता भएका व्यक्तिको जीवन स्तर उकास्न सामाग्रीहरु प्रदान गरिएको छ । बलवा नगरपालिकाका स्थानीय ४ जनालाई किराना पसल संचालनका लागि जेनरल तथा स्टेशनरी सामाग्री सहित खाजा पकाउनका लागि ग्यास, चुल्हो, भाडा लगायतका सामाग्री प्रदान गरिएको छ ।

त्यस्तै ५ जनालाई व्यवसायिक प्रयोजनका निम्ति सिलाई मशीन लगायत आवश्यक उपकरण र सिलाई सामाग्रीहरु प्रदान गरिएको छ भने २ जनालाई साइकल पसल संचालनका लागि थप उपकरण सहित २ जनालाई खाजा पसल संचालनका लागि सामाग्री दिईएको छ। भने महोत्तरी गाउँपालिकामा समेत किराना पसल,चप्पल पसल,डेरी उद्योग संचालनका लागि र अपाङ्गता भएकालाई सहायता सामाग्री प्रदान गरिएको थियो ।

बलवा नगरपालिकामा १३ जना र महोत्तरी गाउँपालिकामा १० जना गरी कुल २३ जना रतौली युवा क्लबको सहयोगले लाभान्वित हुनेछन। बलवा नगरपालिका वडा नं ८का किशुन सहनी रतौली युवा क्लब द्वारा साईकल पसल संचालनका लागि एयर कम्प्रेसर ( हावाभड्ने) र साइकलको टायर ५ थान पाएपछि खुशी व्यक्त गरे । शारीरिक अपाङ्गता भएको ब्यक्ती किशुन सहनि आफ्नो जीविकोपार्जनका लागि विगतदेखी घरमै सानो पसल संचालन गर्दै आएका थिए तर आयस्रोत बढाउन आर्थिक अभाव र उपकरण समेतको अभावले समस्यामा परेका सहनीले सहयोग पाएपछि आफ्नो व्यवसायमा वृद्धि सहित दैनिकी सहज हुने आशा व्यक्त गरे । बलवा नगरपालिका द्वारा अपाङ्गता तथा विपन्नता छुटय्याई सकेको आधारमा रतौली युवा क्लब द्वारा उक्त विपन्न परिवार तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहयोग रतौली युवा क्लबले विगतदेखी नै शिक्षा लगायत विविध क्षेत्रमा गर्दै आएको छ र सोही अनुसार बलवा नगरवासीलाई आवश्यक सहयोग प्राप्त भएको बलवा नगरपालिका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख गायत्री यादवले बताइन । यता रतौली युवा क्लब महोत्तरीका अध्यक्ष मो.शाकिर खानका अनुसार सम्बन्धित पालिकाले प्रदान गरेको तथ्यांक अनुसार विपन्न र अपाङ्गता भएकाहरुको स्थलगत अवस्था बुझी उनीहरुको आवश्यकता र माग लाई मध्यनजर राख्दै ,सहज जीविकोपार्जन र आत्मनिर्भर बनाउने उद्देश्यले सिबिएमको आर्थिक र प्राविधिक सहयोगमा रतौली युवाक्लब ले उक्त सामग्रीहरु प्रदान गरेको जानकारी दिए ।

## लागुऔषध नियन्त्रण र शान्ति सुरक्षामा नागरिकको चासो, समस्या समाधान गर्न प्रशासनको प्रतिबद्धता

मो. इर्शाद
महोत्तरी, २८ असोज



जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय महोत्तरीको संयुक्त आयोजनामा रामगोपालपुर नगरपालिका-५ स्थित सामुदायिक भवनमा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा स्थानीय नागरिकले लागुऔषध नियन्त्रण, शान्ति सुरक्षा तथा प्रहरी सेवाको प्रभावकारिता सम्बन्धी विषयमा आफ्ना जिज्ञासा, गुनासा र सुझाव राखेका थिए । विशेषगरी समाजमा बढ्दो लागुऔषधको समस्या नियन्त्रण, आपराधिक गतिविधि न्यूनीकरण तथा नागरिकलाई सुरक्षित वातावरण उपलब्ध गराउने विषयमा सहभागीले चासो व्यक्त गरेका थिए । नागरिकहरूले स्थानीय क्षेत्रमा देखिएका सुरक्षा चुनौतीको प्रभावकारी सम्बोधन गर्न प्रहरी प्रशासन र स्थानीय समुदायबीच समन्वय तथा सहकार्य आवश्यक रहेको धारणा राखेका थिए ।

साथै, नागरिकका समस्या र गुनासालाई समयमै सम्बोधन गर्दै शान्ति सुरक्षा कायम गर्न सम्बन्धित निकायले थप सक्रियता देखाउनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा प्रहरी तथा प्रशासनका प्रतिनिधिहरूले नागरिकका गुनासा र सुझावलाई गम्भीरतापूर्वक लिँदै शान्ति सुरक्षा कायम गर्न, लागुऔषध नियन्त्रणलाई प्रभावकारी बनाउन तथा प्रहरी सेवाप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

नागरिक र सुरक्षा निकायबीच प्रत्यक्ष संवाद स्थापित गरी समस्याको पहिचान र समाधान खोज्ने उद्देश्यले आयोजित सुनुवाइ कार्यक्रमले स्थानीय सुरक्षा अवस्था सुधार गर्न तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।




## यस वर्ष धान उत्पादनमा उल्लेख्य गिरावट

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २८ असोज



धनुषामा धानबालीमा विभिन्न रोगको संक्रमण देखिएपछि यस वर्ष धान उत्पादनमा उल्लेख्य गिरावट आउने अनुमान गरिएको छ । जिल्लाको करिब २५ प्रतिशत धानबालीमा रोगको प्रकोप देखिएको र त्यसका कारण उत्पादनमा ३५ प्रतिशतसम्म कमी आउन सक्ने अनुमान गरिएको हो ।

धनुषामा करिब ४३ हजार ७ सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। यस वर्ष भने करिब ४० हजार ५ सय १५ हेक्टर क्षेत्रफलमा मात्रै धान रोपाइँ सम्पन्न भएको छ। रोपाइँ भएको धानबालीमा समेत विभिन्न रोगको संक्रमण देखिएपछि किसान चिन्तित बनेका छन्। कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीपकुमार यादवका अनुसार जिल्लाका विभिन्न स्थानमा लगाइएको धानबालीमा राइस ब्लास्ट, ब्राउन लिफ स्पट र सिथ ब्लाइट रोगको संक्रमण देखिएको छ । यी रोगका कारण धानको पात तथा बोटमा क्षति पुग्दा बालीको वृद्धि प्रभावित हुनुका साथै उत्पादन घट्ने जोखिम बढेको उनले बताए । धानबालीमा देखिएका रोग नियन्त्रण गर्न किसानलाई बालीको नियमित अनुगमन गर्न तथा रोगको लक्षण देखिनेबित्तिकै कृषि प्राविधिकसँग परामर्श लिन सुझाव दिइएको छ । रोगको पहिचान र प्राविधिक सिफारिसका आधारमा मात्रै उपयुक्त विषादी प्रयोग गर्नुपर्ने कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय.....................

# सही समयमा सही तथ्यांक सार्वजनिक गर

नेपालको विकासको सबैभन्दा ठूलो कमजोरी सधैं पैसाको अभावमात्र होइन; देशसँग भएका स्रोत, सम्भावना, समस्या र अवसरबारे सही समयमा विश्वसनीय तथ्यांकको अभाव पनि रहेको देखिन्छ । राज्यले कहाँ लगानी गर्ने, कुन उद्योग स्थापना गर्ने, कुन क्षेत्रमा रोजगारी सिर्जना गर्ने र कुन विकास आयोजनालाई प्राथमिकता दिने भन्ने निर्णय अनुमान, दबाब वा परम्परागत अभ्यासका आधारमा होइन, प्रमाणमा आधारित हुनुपर्ने देखिन्छ । जुन देशले आफ्ना सम्भावनालाई तथ्यांकमा देख्न सक्दैन, उसले आफ्ना स्रोतलाई आर्थिक समृद्धि मा रूपान्तरण गर्न सक्दैन । नेपाललाई ट्रिलियन डलरको अर्थतन्त्र बनाउने लक्ष्य राख्ने हो भने राष्ट्रिय डेटा प्रणालीलाई सामान्य प्रशासनिक सुधारका रूपमा होइन, राष्ट्रिय आर्थिक रूपान्तरणको रणनीतिक पूर्वाधारका रूपमा लिनुपर्ने देखिन्छ । प्रत्येक गाउँको उत्पादन, प्रत्येक वडाको आर्थिक गतिविधि, प्रत्येक क्षेत्रको लगानी सम्भावना, सार्वजनिक सेवाको अवस्था र विकास आयोजनाको वास्तविक परिणामबारे अध्यावधिक जानकारी उपलब्ध हुने व्यवस्था आवश्यक रहेको देखिन्छ । सरकारसँग मात्र होइन, नागरिक, उद्यमी, अनुसन्धानकर्ता र लगानीकर्तासँग समेत विश्वसनीय तथ्यांकमा आधारित निर्णय गर्ने आधार हुनुपर्ने देखिन्छ । अन्तमा हाम्रो देशसँग भएका स्रोत, सम्भावना, समस्या र अवसरबारे सही समयमा सही तथ्यांक सार्वजनिक गर्नुपर्ने देखिन्छ ।

# थारू समुदायका मौलिक भेषभूषा, परम्परागत कला, सांस्कृतिक सामग्री तथा लोपोन्मुख परम्पराको प्रदर्शन

जलेश्वरटुडे समाचारदाता
सिरहा, २८ असोज

थारू समुदायको मौलिक कला, संस्कृति, भेषभूषा तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले सिरहाको लहानमा १५ दिने दशैं तिहार उत्सव मेला सुरु भएको छ ।

थारू कल्याणकारिणी सभा जिल्ला कार्यसमिति सिरहाको आयोजनामा सुरु भएको मेलामा थारू समुदायका मौलिक भेषभूषा, परम्परागत कला, सांस्कृतिक सामग्री तथा लोपोन्मुख परम्पराको प्रदर्शन गरिएको छ। मेलाले थारू समुदायको सांस्कृतिक पहिचानलाई उजागर गर्नुका साथै नयाँ पुस्तामा मौलिक परम्परा हस्तान्तरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।




मेलाको उद्घाटन गर्दै लहान नगरपालिकाका नगर प्रमुख महेशप्रसाद चौधरीले थारू समुदायको मौलिकता र पहिचान संरक्षणमा यस्ता उत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । उनले समुदायको परम्परागत खानपान, रहनसहन र संस्कृतिलाई संरक्षण गर्दै भावी पुस्तासम्म पुऱ्याउन उत्सवले सहयोग गर्ने विश्वास व्यक्त गरे । मेलामा थारू समुदायका परम्परागत धुमरा नाच, सखी नाच, झिझिया नाचलगायत सांस्कृतिक प्रस्तुति रहने आयोजकले जनाएको छ । मौलिक कला तथा नृत्य प्रदर्शन गर्ने टोलीलाई प्रोत्साहन गर्न प्रतियोगितासमेत आयोजना गरिएको छ । प्रतियोगितामा प्रथम हुने टोलीलाई २० हजार, द्वितीय हुनेलाई १५ हजार, तृतीय हुनेलाई १० हजार र सान्त्वना स्थान हासिल गर्ने टोलीलाई पाँच हजार रुपैयाँ पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । १५ दिनसम्म सञ्चालन हुने मेलामा थारू समुदायका परम्परागत नाचगानका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूको सांगीतिक प्रस्तुतिसमेत रहनेछ ।

# नीति निर्माण, विकास योजना छनोट तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन तथ्याङ्क सङ्कलन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २८ असोज

मधेश प्रदेशमा नीति निर्माण, विकास योजना छनोट तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन तथ्याङ्क सङ्कलन र व्यवस्थापन प्रणालीमा एकरूपता कायम गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । सङ्घ, प्रदेश र स्थानीय तहबाट सङ्कलन हुने तथ्याङ्कमा त्रुटि तथा असमानता देखिँदा त्यसको विश्वसनीयतामाथि प्रश्न उठ्ने गरेको उनीहरूको भनाइ छ ।

मधेश प्रदेशको नीति तथा योजना आयोगका सदस्य नवल यादवले तथ्याङ्क सङ्कलन प्रक्रियामा एकरूपता कायम गर्नु अहिलेको प्रमुख आवश्यकता रहेको बताए । तथ्याङ्कमा देखिने त्रुटिको प्रमुख कारण सङ्कलन विधिमा समानता नहुनु रहेको उल्लेख गर्दै उनले तथ्याङ्क सङ्कलनदेखि व्यवस्थापनसम्मको प्रक्रियालाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिए । जीवनका हरेक क्षेत्रमा तथ्याङ्कको उपयोगिता बढ्दै गएको अवस्थामा विश्वसनीय तथ्याङ्कबिना प्रभावकारी नीति निर्माण र विकास योजना तर्जुमा गर्न कठिन हुने उनको भनाइ थियो । तथ्याङ्कको गुणस्तर सुधार गर्न सङ्कलन प्रक्रियामा देखिएका कमजोरी पहिचान गरी समाधान गर्नुपर्ने उनले बताए । राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक राजन सिलवालले पनि तथ्याङ्क



सङ्कलन तथा व्यवस्थापनका क्रममा त्रुटि हुने गरेको स्वीकार गरे । उनले पर्याप्त जनशक्तिको अभावलाई तथ्याङ्कसम्बन्धी काम प्रभावकारी हुन नसक्नुको प्रमुख कारणमध्ये एकका रूपमा उल्लेख गरे । तथ्याङ्क सङ्कलन र व्यवस्थापनलाई व्यवस्थित बनाउन प्रत्येक स्थानीय तहमा तथ्याङ्क सम्बन्धी काम गर्ने कर्मचारीको व्यवस्था आवश्यक रहेको उनले बताए । स्थानीय तहबाटै तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको काम प्रभावकारी रूपमा सञ्चालन गर्न सके राष्ट्रिय स्तरमा उपलब्ध हुने तथ्याङ्कको गुणस्तरसमेत सुधार गर्न सकिने उनको धारणा थियो ।

सङ्घ, प्रदेश र स्थानीय तहबीच तथ्याङ्क सङ्कलनको विधि तथा व्यवस्थापन प्रणालीमा समन्वय हुन नसक्दा विकास योजना छनोटदेखि कार्यान्वयनसम्म समस्या उत्पन्न हुन सक्ने सरोकारवालाको भनाइ छ ।




## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथून: मित्रतामा फाटो आउने
कर्कट: अनावश्यक चिन्ता
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक खर्चको संभावना
तुला: लामो यात्राको योग छ
वृश्चिक: आम्दानी हुने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: मनमा पछुतो आउने
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दैनिक क्षमता एक करोड ब्यारेल पुऱ्याउने साउदीको योजना



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ असोज**

साउदी अरबले आफ्नो रणनीतिक महत्वको 'इस्ट-वेस्ट पाइपलाइन' को दैनिक तेल ढुवानी क्षमतालाई आगामी वर्षहरूमा एक करोड ब्यारेल पुऱ्याउने महत्वाकांक्षी योजना सार्वजनिक गरेको छ। रियादमा आयोजित २५औं विश्व पेट्रोलियम काउन्सिल ऊर्जा सम्मेलनलाई सम्बोधन गर्दै साउदी ऊर्जा मन्त्री राजकुमार अब्दुलअजिज बिन सलमान बिन अब्दुलअजिजले वैश्विक ऊर्जा सुरक्षालाई थप मजबुत बनाउन यो कदम चालिएको स्पष्ट पारेका हुन् ।

हालैका वर्षहरूमा देखिएको वैश्विक ऊर्जा सङ्कटले विश्वव्यापी आपूर्ति शृङ्खलामा रहेको कमजोरीलाई उजागर गरेको उल्लेख गर्दै मन्त्री अब्दुलअजिजले वैकल्पिक ढुवानी मार्गहरूको विकास र भविष्यमा आउन सक्ने सम्भावित आपूर्ति अवरोधहरूको सामना गर्न पूर्वतयारी अनिवार्य भएको बताए ।

साउदी प्रेस एजेन्सीका अनुसार उक्त पाइपलाइनको क्षमता अभिवृद्धिका लागि अहिले विभिन्न प्राविधिक योजनाहरूमा तीव्र रूपमा काम भइरहेको छ। यसअन्तर्गत मुख्य रूपमा पम्पिङ स्टेसनहरू, प्रसारण पाइपलाइन र सम्बन्धित ग्यास प्रणालीहरूको स्तरोन्नति गर्ने तयारी गरिएको छ, जसले विश्व बजारमा तेलको निर्बाध प्रवाह सुनिश्चित गर्ने विश्वास लिइएको छ ।

सोही कार्यक्रममा सम्बोधन गर्दै पेट्रोलियम निर्यातक देशहरूको सङ्गठन (ओपेक) का महासचिव हैथम अल घैसले साउदी अरबको यो पाइपलाइन परियोजना वैश्विक ऊर्जा बजारको स्थिरताका लागि अत्यन्तै महत्वपूर्ण रहेको बताएका छन् ।

हालको अस्थिर भूराजनीतिक अवस्था र अन्तर्राष्ट्रिय बजारको दबाबका बीच ऊर्जा सुरक्षा कायम राख्न यस्ता पूर्वाधारहरूले मेरुदण्डको काम गर्ने उनको भनाइ छ। साउदी अरबको यो रणनीतिक कदमले भविष्यमा बढ्दो ऊर्जा मागलाई सहज रूपमा धान्न तथा जुनसुकै विषम परिस्थितिमा पनि तेल आपूर्तिलाई अवरुद्ध हुन नदिन ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# रश्मिकाले लिइन् ४०० परिवारको राशन खर्च जिम्मा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ असोज**



दक्षिण भारतीय अभिनेत्री रश्मिका मन्दनाको फिल्म 'रणबाली' छिट्टै रिलिज हुँदैछ । फिल्म रिलिज हुनुअघि अभिनेत्री सामाजिक कामबाट सबैको मन छुन सफल भएकी छन्। उनले ४०० परिवारलाई आर्थिक सहयोग गर्ने जिम्मेवारी उठाएर सबैको मन जितेकी हुन् ।

उनले यी परिवारका लागि तीन-तीन महिनाको किस्तामा राशन खर्च बेहोर्ने बताएकी छन्। सामाजिक सेवाको विषयमा उनले सामाजिक सञ्जालमा लेखेकी छन्, 'तपाईंले निभाउने पात्रहरूमा केही यस्तो हुन्छ, जसले तपाईंलाई प्रभावित गर्छ ।

तपाईंमध्ये धेरैले मलाई सोध्नुहुन्छ कि 'जयाम्मा' र ममा के समानता छ ? मेरो जवाफ छ- हो, यो तीमध्ये एक हो । म सधैं यस्तै गर्दै आएकी छु र तपाईंहरूको मायाका लागि सधैं यस्ता कार्यहरू गरिरहनेछु। पहिले मैले यसलाई गोप्य राख्ने गर्थें, तर अब म यस बारेमा खुलेर कुरा गर्दैछु, किनकि मलाई लाग्छ कि यसले तपाईंहरूलाई पनि केही राम्रो गर्न प्रेरित गर्न सक्छ ।'

उनले एक पटकमा ४०० परिवारलाई तीन महिनासम्म मद्दत गर्ने र एक वर्षसम्म यसलाई निरन्तरता दिने बताएकी छन् । 'मलाई आशा छ कि राशनमा हुने खर्च बचत गरेर उनीहरूले आफ्नो भविष्यको योजना राम्ररी बनाउन सक्नेछन् । दयाको सानो कामले पनि कसैको जीवन बदल्न सक्छ, त्यसैले हामी सबैले सानो सुरुवात गरौं,' उनले भनिन् । 'रणबाली' विजय देवरकोन्डा र रश्मिकाको मुख्य भूमिका रहेको तेलुगु पिरियड ड्रामा फिल्म हो ।

# सभापति मोहम्मद साबिर अली पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २८ असोज**

प्रतिबन्धित लागुऔषध गाँजा मुद्दामा फरार रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सप्तरीस्थित सुरुङ्गा नगर सभापति मोहम्मद साबिर अली पक्राउ परेका छन्। सप्तरीको सुरुङ्गा नगरपालिका-५ निवासी ४७ वर्षीय अलीलाई बुधबार बिहान सिरहा प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी




नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार रास्वपाको सुरुङ्गा नगरपालिकास्थित कदमाहा पार्टी कार्यालयबाट उनलाई पक्राउ गरिएको हो। इलाका प्रहरी कार्यालय लहानको टोलीले सप्तरीको भेडिया इलाका प्रहरी कार्यालयको सहयोगमा अलीलाई पक्राउ गरेको डीएसपी पालले जानकारी दिए । प्रहरीका अनुसार २०८१ मंसिर २९ गते सिरहाको धनगढीमाई नगरपालिका-१० स्थित जिरोमाइलमा पूर्व-पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनापछि कारबाट एक क्विन्टल ३० किलोग्राम गाँजा बरामद भएको थियो। पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.३ ख ७५९१ नम्बरको ट्रकले उत्तरबाट दक्षिणतर्फ राजमार्ग पार गर्न लागेको बा.८ च ९९६३ नम्बरको कारलाई ठक्कर दिएको थियो ।












# संस्थाहरूको निरन्तर खस्किँदो साख

-व्यक्तिगत तृष्णा र शक्तिको असीमित लालसाले नेतृत्वमा विवेक, नैतिकता र उत्तरदायित्व कमजोर बनाउँदा राज्यका संस्थाहरूको साख क्रमशः खस्किँदै गएको छ । पुराना शक्ति-संरचना भत्किँदै र कलबुद्धि युगको नयाँ शक्ति-व्यवस्था अनिश्चित बन्दै गएको संक्रमणकालमा संसद्, न्यायालय, निर्वाचन संस्था र सञ्चारमाध्यम सामूहिक विवेकको रक्षा गर्न असफल देखिएका छन् । बहुसंख्यकवाद, प्रियतावाद र एल्गोरिदमद्वारा निर्देशित आक्रोशको सट्टा संस्थागत संवाद, समानुभूति र ऐक्यबद्धतामार्फत लोकतान्त्रिक साख पुनःस्थापित गर्नुपर्ने लेखको निष्कर्ष छ । चाहना सकारात्मक सम्भावना बोकेको तटस्थ शब्द हो ।

तर विभिन्न कारणले गर्दा महत्त्वाकांक्षा राख्ने व्यक्तिको इच्छा क्रमशः लोभ, लालच र लिप्सा हुँदै तृष्णासम्म पुग्दा भने त्यो पूर्णतः नकारात्मक आवेगमा रूपान्तरित भइसकेको हुन्छ । अरूसँग भएको पद, पैसा वा मान पाउने लोभ सधैं खराब नै हुन्छ भन्ने होइन । तीव्र लोभले भने नैतिकताको परिधि नाघ्न हौस्याउँछ । हिन्दीको 'लालच बुरी बला' लोकोक्तिले अत्यधिक लोभको जोखिमलाई दर्शाउँछ । लिप्साले भने व्यक्तिलाई उचित र अनुचितको भेद बिर्सिएर शक्ति सञ्चय गर्न उत्प्रेरित गर्दछ । तृष्णा त्यो अगाध तिर्खा हो, जो कहिल्यै मेटिँदैन । एउटा इच्छा पूरा हुनेबित्तिकै मनमा अर्को अभिलाषाले जन्म लिन्छ र 'अझै बढी' वा 'अरू केही' प्राप्त गर्ने दौडको कहिल्यै अन्त्य हुँदैन । कमोवेश त्यस्तो प्रवृत्ति जोसुकैमा हुन सक्छ, धेरै सफल व्यक्तिहरूको तृष्णा भने अगाध हुने रहेछ । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पसँग के मात्रै छैन ? संसारको सबभन्दा ठूलो सैन्य, अर्थ र ज्ञान-शक्ति भएको देशका दोस्रो पटक निर्वाचित राष्ट्रपति छन् । मध्यरातमा एउटा सार्वभौम देशको राष्ट्रपतिको अपहरण गराउँछन् । मानव सभ्यताको लामो इतिहास रहेको देशमा स्कुले बालबालिकाहरूमाथि बम बर्साउँछन् । हाकाहाकी अर्को देशको भूभागमाथि हकदाबी जनाउँछन् । प्रमाणिक कागजात नभएका विदेशी कामदारलाई हतकडी र नेल लगाएर देश निकाला गर्छन् । तर जति शक्ति प्रदर्शन गरे पनि 'राष्ट्रपति ओबामाजस्तै देखिने' अतृप्त चाहना मेटाउन उनलाई नोबेल पुरस्कार चाहिएको छ । नोबेल पुरस्कारसँग जोडिएको पनि आफ्नै भूराजनीतिक स्वार्थ त छ, तर त्यो सम्मान प्रदान गर्ने निर्णायक समिति भने राष्ट्रपति ट्रम्पको स्तरसम्म ओर्लिन तयार भएन । त्यसपछि आएको उनको 'अंगुर अमिलो छ' र 'त्यो कुपात्रले मात्र खान पाउँछ' मिसिएको अभिव्यक्तिले टाकुरामा उभिएका व्यक्तिहरूको कहिल्यै नमेटिने तिर्खा बुझ्न सघाउँछ । सन् २०२६ को नोबेल शान्ति पुरस्कार दक्षिण अफ्रिकी न्यायविद् तथा मानवअधिकारकर्मी नाभी पिल्लेलाई प्रदान गर्ने घोषणाले अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको अहंकारलाई गहिरो चोट पुऱ्याएको होला ।

संसारका आठ वटा युद्ध साम्य पारेको श्रेय आफैंलाई दिँदै आएका ट्रम्पले आफूले एउटा मात्र होइन, आठ वटै नोबेल शान्ति पुरस्कार पाउनुपर्ने दाबी गर्ने गर्छन् । त्यति मात्र होइन, नोबेल शान्ति पुरस्कारले आफ्नो प्रतिष्ठा सदाका लागि गुमाएको घोषणा गर्दै उनले समितिको निर्णयलाई लज्जास्पद र अपमानजनक बताउन पनि पछि परेनन् । उनको आक्रोश पुरस्कार छनोट गर्ने समितिमा मात्र सीमित रहेन, त्यस निर्णयलाई नर्वेको इतिहासमा कहिल्यै नमेटिने कलंकको संज्ञा दिँदै उनले अमेरिकाले यो अपमान नबिर्सिने चेतावनीसमेत दिन भ्याए । पिल्लेको नामसमेत नसुनेको दाबी गर्ने ट्रम्पले पुरस्कारको निर्णयलाई प्रजातन्त्रविरोधी र उदारवादी-कट्टरपन्थी विचारधाराबाट प्रेरित ठहऱ्याएका छन् ।

आसन्न कलबुद्धि युगमा शक्तिको स्रोत के हुने भन्ने निश्चित भइनसकेकाले विश्व असमञ्जसमा रहेको देखिँदै छ । पुराना प्रणाली मरिसकेका छन् भन्नु सायद अतिशयोक्ति होला, तर तिनका आधारहरू भत्किँदै गएको ठम्याउन गाह्रो छैन । भारतमा जवाहरलाल नेहरूले प्रधानमन्त्री पदलाई राजनीतिक विवादभन्दा माथि पुऱ्याएका थिए । देश त्यही हो र पद पनि उही हो, तर ख्यातिप्राप्त 'टाइम' पत्रिकाको अन्तर्राष्ट्रिय संस्करणको आवरणमा 'भारतका प्रमुख विभाजनकारी' भनेर चित्रित व्यक्ति एउटा धर्मका प्रचारक र बाँकी सबै विचारधाराहरूका संहारक हुनुमा गौरवान्वित महसुस गरिरहेका छन् । नैतिकवान् र साहसी न्यायमूर्ति जगमोहनलाल सिन्हाले सन् १९७५ मा पदासीन प्रधानमन्त्री इन्दिरा गान्धीलाई चुनावी भ्रष्टाचारमा दोषी ठहर गर्दै उनको निर्वाचनलाई अवैध घोषित गरेका थिए र आगामी ६ वर्षसम्म उनले कुनै पनि चुनाव लड्न नपाउने फैसला सुनाएका थिए । कानुनको शासन भएको देशमा व्यक्ति जतिसुकै शक्तिशाली, धनी वा उच्च ओहोदामा पुगेको किन नहोस्, कानुन ऊभन्दा जहिले पनि माथि नै हुन्छ भन्ने सिद्धान्त पुनर्पुष्टि भएको देशमा बेरोजगार युवाहरूको (अ)सामाजिक सञ्जालको विरोधलाई लिएर टिप्पणी गर्ने क्रममा युवाहरूलाई साङ्ला (कक्रोच) सँग तुलना गर्ने व्यक्ति अहिले प्रधानन्यायाधीश छन् ।

पूर्वनोकरशाह टी. एन. शेषनले भारतको १० औं प्रमुख निर्वाचन आयुक्तका रूपमा कार्य गर्दै दक्षिण एसियाको प्रजातान्त्रिक अभ्यासमा निर्वाचन व्यवस्थापन र निष्पक्षताको एउटा उच्च मानक खडा गरेका थिए । संवैधानिक संस्था उही हो, तर कार्यकारी प्रमुखको आशय वा आदेश पालन गर्दै १३ करोडभन्दा बढी मतदाताको मताधिकार खोसेको आरोप लागेका प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको विरोधमा अदालतका हाकिमले 'साङ्ला' ठहऱ्याएका युवाहरू आन्दोलित छन् । संस्थाहरूको प्रतिष्ठा र स्वीकार्यता रातारात खस्किन्छ भन्ने होइन, तर तृष्णाले मदमत्त व्यक्तिलाई नेतृत्व गर्ने जिम्मेवारीमा पुऱ्याउने राज्य र समाज लामो कालसम्म त्यस्तो गलत निर्णयका प्रभावहरू व्यहोर्न बाध्य हुनुपर्ने रहेछ । नेपालमा पूर्वराष्ट्रपति विद्या भण्डारी, पूर्वप्रधानमन्त्रीद्वय



शेरबहादुर देउवा र खड्गप्रसाद शर्मा ओली तथा पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेरलाई पदासीन रहेका बेला के कस्तो काम गर्न चाहेको तर गर्न नपाएको तृष्णा बाँकी होला ? तर दोष सायद व्यक्तिको मात्रै होइन, समग्र परिवेश नै संस्थाभन्दा व्यक्ति हाबी हुने तृषितहरूबीचको संघर्षतिर उन्मुख हुँदै गइरहेको छ ।

संसारको सबभन्दा शक्तिशाली व्यक्तिलाई आफ्नो भौगोलिक सीमा बढाउनु छ, पृथ्वीको स्रोतमा कब्जा जमाउनु छ र सबभन्दा ठूलो पुरस्कार पाउनु छ । सबभन्दा धनाढ्यलाई अन्तरिक्ष सञ्चारमा एकाधिकार कायम गर्नु छ र मंगलग्रहमा बस्ती बसाल्नु छ । सबभन्दा उदाउँदो शक्तिराष्ट्रलाई सारा धरालाई 'बेल्ट एन्ड रोड' ले बेरेर आफ्नो प्रभाव क्षेत्रभित्र बाँध्नु छ । दुनियाँमा सबभन्दा बढी गरिबहरू भएको देशमाथि हाबी भइराख्न त्यहाँको शासकवर्गलाई सामान्यजनलाई अन्य घृणामा भुलाएर आफ्नो भजनमा मग्न गराइराख्नुपरेको छ । नेपालमा त खासै केही गर्नै पर्दैन– जुनसुकै तरिकाले सिंहदरबारको कुर्सीमा पुग्नेका अगाडि कोर्निस गर्नेको जमात कहिल्यै कम हुँदैन । युगान्तरको पूर्वाभासः अतीतजीवीहरूले सत्ययुगको जति नै गीत गाए पनि मानव सभ्यताको सिकारी-संकलक चरणमा थोमस हब्सको बहुउद्धृत टिप्पणीमा जस्तै 'मानिसको जीवन एकाकी, दरिद्र, निकृष्ट, पाशविक र अल्पायु' नै थियो होला । पशुपालक चरणमा प्रवेश गरेपछि समूहको आवश्यकता देखिनु स्वाभाविक थियो । पशुधनको चरन र सुरक्षणका लागि सहकार्यको आवश्यकता पनि देखिएको हुनुपर्छ । कृषि सभ्यता र उत्पादित वस्तुको सञ्चयनले लडाका र सामन्त एवं धर्म र परम्परा बलियो हुँदै गएपछि सामन्त, पुरोहित र साहुकारबीच समन्वयका लागि महासामन्तहरूको आवश्यकता पनि देखिने नै भयो । व्यापारिक युगमा सेना र साम्राज्यमार्फत स्रोतमाथि नियन्त्रणका लागि संघर्ष सुरु भएपछि उपनिवेशवादको जालोभित्र संसारका अधिकांश बासिन्दा कैद हुँदै गए । पुँजीको सञ्चयनपछि सीमित क्षेत्रमा अनुसन्धानमा लगानी बढ्नु र औद्योगिक युगको सुरुवात एकसाथ भयो । वर्चस्व विस्तारको युग महायुद्धहरूको कालखण्ड थियो । त्यसपछिको सूचना युगमा प्रविधि, सञ्चार युगमा गति, वित्त युगमा मति र कलनविधि (एल्गोरिदम) युगमा आँकडा (डाटा) शक्तिको स्रोत रहँदै आएका छन् । अब कलबुद्धि युग (एज अफ एआई) कस्तो हुने हो अझै निश्चित भइसकेको देखिँदैन । सिकारी-संकलक समाजमा बलिया-बाँगाले बाँकीलाई कजाउन खोज्थे एवं सक्ने भिड्ने र नसक्ने भाग्थे भने टाठाबाठा लुक्ने र छलकपट गरेर ज्यान जोगाउँथे ।

पशुपालक चरणमा समूहका मुखियाको उदय भएको हुनुपर्छ । कृषि युगमा राजा र रजौटा नाम धारण गरेका शक्तिशाली मुख्तियारहरू देखिए । व्यापार र सम्पर्क बढेपछि सम्राट् र स्रोत कब्जा गरेपछि औपनिवेशिक शक्तिहरूको क्षमता बेपत्ता बढेर गयो र व्यापारिक शक्तिका रूपमा इस्ट इन्डिया कम्पनीजस्ता 'संस्था' देखिए जसको प्रभाव बेलायतको संसद्लाई निर्देशित गर्ने अवस्थामा पुगेको थियो ।

साभार : कान्तिपुर ।


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला








प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday